# स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७३

निर्वाचन आयोगबाट स्वीकृत मितिः २०७३।१२।१५

स्थानीय तह निर्वाचन प्रयोजनका लागि जनशक्ति व्यवस्थापन गर्न निर्देशिका बनाई लागू गर्न वाञ्छनीय भएकोले,

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका आयोगबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, -

(क) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले आयोग अन्तर्गतका क्षेत्रीय निर्वाचन कार्यालय र जिल्ला निर्वाचन कार्यालय सम्झनुपर्छ ।

(घ) "जनशक्ति" भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारी सम्झनुपर्छ र सो शब्दले त्यस्ता निकायमा काजमा, करारमा वा ज्यालादारीमा कार्यरत कर्मचारीलाई समेत जनाउँछ ।

(ङ) "निर्वाचन" भन्नाले स्थानीय तहको निर्वाचन सम्झनुपर्छ ।

(च) "निर्वाचन अधिकृत" भन्नाले ऐनको दफा ७ बमोजिम नियुक्त मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत सम्झनुपर्छ र सो शब्दले ऐनको दफा १० बमोजिम नियुक्त सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(छ) "मतदान अधिकृत" भन्नाले ऐनको दफा ११ बमोजिम नियुक्त मतदान अधिकृतलाई सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

(ज) "विशेष परिस्थिति" भन्नाले ऐनको दफा ४० को उपदफा (१) मा उल्लिखित मतदान स्थगित गर्नु पर्ने अवस्था सम्झनु पर्छ ।

(झ) "सहायक कर्मचारी" भन्नाले मतदान केन्द्रमा खटाइने मतदान अधिकृत र सहायक मतदान अधिकृत बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ञ) "सहयोगी कर्मचारी" भन्नाले मतदान केन्द्रमा खटाइने श्रेणी विहीन कर्मचारी सम्झनु पर्छ ।

३. <u>जनशक्तिको विवरण अद्यावधिक गर्नुपर्ने</u> : (१) कार्यालयले निर्वाचन प्रयोजनका लागि आवश्यक पर्ने जनशक्तिको विवरण अद्यावधिक गर्न जिल्लास्थित नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था वा विश्वविद्यालय वा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीको विवरण माग गरी अद्यावधिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यालयबाट कर्मचारीको विवरण माग भई आएमा सम्बन्धित सबै सरकारी कार्यालय वा निकायले आफ्नो निकायमा कार्यरत जनशक्तिको विवरण तयार गरी कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम विवरण तयार गर्दा निर्वाचनमा खटाउन सकिने जनशक्तिको विवरण अनुसूची-१ बमोजिमको ढाँचामा र निर्वाचनमा खटाउन नसकिने जनशक्तिको विवरण अनुसूची-२ बमोजिमको ढाँचामा तयार गरी अद्यावधिक गर्नु पर्नेछ ।

(४) कार्यालयले उपदफा (३) बमोजिम तयार गरेको अद्यावधिक विवरणको एकप्रति दफा ११ बमोजिमको जनशक्ति व्यवस्थापन समन्वय समितिमा र आयोगले मागेका बखत आयोगमा पठाउनु पर्नेछ ।

४. <u>जनशक्ति खटाउने</u> : (१) निर्वाचनको लागि आयोगमा मौजुदा जनशक्तिले अपुग हुने भएमा आयोगले निश्चित मापदण्ड तयार गरी आवश्यक पर्ने जनशक्ति नेपाल सरकारका विभिन्न निकायबाट काजमा ल्याई निर्वाचनको काममा खटाउन सक्नेछ ।

(२) कार्यालयले आयोगद्वारा निर्धारित मापदण्डको अनुसारका जनशक्ति नेपाल सरकारका जिल्ला स्थित विभिन्न निकायबाट काजमा मगाई निर्वाचन सम्बन्धी काममा खटाउन सक्नेछ ।

(३) कार्यालयले तयार गरेको जनशक्तिको विवरण दफा ११ बमोजिमको जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समितिबाट स्वीकृत गराई मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको जनशक्ति विवरण प्राप्त भएपछि मुख्य निर्वाचन अधिकृतले सम्बन्धित जिल्लामा खटिएका अन्य निर्वाचन अधिकृतहरुसँग समन्वय गरी जिल्लास्थित सबै गाउँपालिका र नगरपालिकाका मतदान केन्द्रमा आवश्यक पर्ने जनशक्ति खटाउनु पर्नेछ ।

(५) कुनै मतदान केन्द्रको मतदान कार्य स्थगित भई पुनः मतदान गराउनु पर्ने भएमा पहिले कुनै मतदान केन्द्रमा खटिई निर्वाचन सम्पन्न गरेका जनशक्तिलाई समेत त्यस्तो मतदान कार्यमा पुनः खटाउन सकिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जिल्लास्थित निजामती कर्मचारी, शिक्षक तथा अन्य सरकारी वा गैरसरकारी संघ संस्थासँग सम्बद्ध राष्ट्रिय स्तरको ट्रेड युनियन र आधिकारीक ट्रेड युनयिनका जिल्लास्तरका कार्यसमितिका पदाधिकारी वा केन्द्रीयस्तरका पदाधिकारी तथा उम्मेदवारको नजिकको नातेदारलाई निर्वाचन सम्बन्धी काममा खटाइने छैन ।

(७) कार्यालयको सुरक्षा, स्वास्थ्य सेवा, विद्युत, टेलिफोन, बैंक, वारुण यन्त्र, खानेपानी जस्ता अत्यावश्यक सेवा प्रदायक कार्यालयको नियमित कार्य सञ्चालनका लागि आवश्यक न्यूनतम संख्यामा कर्मचारी राखेर मात्र निर्वाचन सम्बन्धी कार्यमा त्यस्ता कार्यालयको जनशक्ति परिचालन गर्नु पर्नेछ ।

(८) कुनै जिल्लामा मौजुदा जनशक्तिबाट निर्वाचनमा खटाउने जनशक्ति अपुग हुने भएमा आयोगको स्वीकृतिमा अन्यत्र जिल्लाबाट जनशक्ति काजमा ल्याई खटाउन सकिनेछ । त्यसरी जनशक्ति अपुग भएमा आयोगले आवश्यक जनशक्ति काजमा खटाउन नजिकको अर्को जिल्लाको जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समितिलाई आदेश दिन सक्नेछ ।

(९) निर्वाचनको लागि कर्मचारी वा शिक्षक खटाउँदा कर्मचारीको हकमा आफ्नो घर ठेगानामा रहेको स्थानको सम्बन्धित वडामा र शिक्षकको हकमा कार्यरत स्थान र आफ्नो घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा नपर्ने गरी खटाउनु पर्नेछ ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गैरनेपाली नागरिकलाई निर्वाचनको काममा खटाइने छैन ।

५. निर्वाचन अधिकृतको कार्यालयमा रहने कर्मचारी : (१) मुख्य निर्वाचन अधिकृतको कार्यालयमा देहाय बमोजिमका कर्मचारी रहनेछन् :

| | | |
|---|---|---|
| (क) | मुख्य निर्वाचन अधिकृत | -एकजना |
| (ख) | सहायक निर्वाचन अधिकृत, रा.प. तृतीय (प्रशासनिक कार्य सम्पादन गर्ने) | -एकजना |
| (ग) | शाखा अधिकृत (आचारसंहिता अनुगमनकर्ता समेतको काम गर्ने) | -एकजना |
| (घ) | लेखा अधिकृत वा लेखापाल | -एकजना |
| (ङ) | सहायक कर्मचारी, प्रशासन (ना.सु वा खरिदार) | -दुईजना |
| (च) | सहायक कर्मचारी (कम्प्युटर अपरेटर) | -एकजना |
| (छ) | सवारी चालक वा सयस | -एकजना |
| (ज) | कार्यालय सहयोगी | -दुईजना |
| (झ) | सुरक्षा गार्ड | -जना |

(२) मुख्य निर्वाचन अधिकृतले आफ्नो कार्यालयको लागि आवश्यक पर्ने कर्मचारी जिल्लास्थित सरकारी कार्यालयबाट काजमा ल्याउनु पर्नेछ ।

(३) निर्वाचन अधिकृतको कार्यालयमा देहाय बमोजिमका कर्मचारी रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | निर्वाचन अधिकृत | -एकजना |
| (ख) | सहायक निर्वाचन अधिकृत, रा.प. तृतीय (प्रशासनिक एवम् आचार संहिता अनुगमनकर्ताको समेत कार्य गर्ने) | -एकजना |
| (ग) | सहायक कर्मचारी (ना.सु. वा खरिदार) | -एकजना |
| (घ) | सहायक कर्मचारी (लेखापाल वा सह लेखापाल) | -एकजना |

(ङ) कम्प्युटर अपरेटर
(कम्प्युटर उपलब्ध भएको स्थानमा मात्र) -एकजना

(च) सवारी चालक वा सयस (सरकारी सवारी साधन वा घोडा उपलब्ध भएको अवस्थामा मात्र) -एकजना

(छ) कार्यालय सहयोगी -दुईजना

(ज) सुरक्षा गार्ड -एकजना

(४) निर्वाचन अधिकृतले आफ्नो कार्यालयको लागि आवश्यक पर्ने कर्मचारी उपलब्ध भएसम्म सम्बन्धित गाउँपालिका वा नगरपालिकामा कार्यरत सरकारी कर्मचारीमध्येबाट र त्यस्ता कर्मचारी उपलब्ध हुन नसकेमा मात्र जिल्लास्थित सरकारी कार्यालयबाट काजमा ल्याउनु पर्नेछ ।

(५) निर्वाचन कार्यक्रम सञ्चालन अवधिको कार्यबोझलाई दृष्टिगत गरी उम्मेदवारको मनोनयनपत्र दाखिला गर्ने अघिल्लो दिनदेखि छ (६) दिनसम्मका लागि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा देहाय बमोजिमका थप जनशक्ति काजमा ल्याउन सकिनेछः-

(क) पाँच वटासम्म वडा संख्या रहेका गाउँपालिका वा नगरपालिकाका निर्वाचन अधिकृतको कार्यालयमा थप नहुने,

(ख) पाँच वटाभन्दा बढी वडा संख्या रहेका गाउँपालिका वा नगरपालिकाको हकमा प्रत्येक थप दुईवटा वडाका लागि दुई जना ,

(ग) पाँच वटाभन्दा बढी वडा संख्या रहेका गाउँपालिका वा नगरपालिकाको हकमा प्रत्येक थप चारवटा वडाका लागि एक जना कार्यालय सहयोगी

(६) उपदफा (५) को खण्ड (ख) र (ग) बमोजिमको जनशक्ति काजमा ल्याउँदा स्थानीय स्तरमा रहेका कुनै कार्यालयमा कार्यरत निजामती सेवाका कर्मचारी वा सामुदायिक विद्यालयका शिक्षक र कार्यालय सहयोगीलाई काजमा ल्याउन सकिनेछ ।

(७) मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, अन्य कर्मचारीलाई दैनिक तथा भ्रमण खर्च एवं मतदान केन्द्र सम्बन्धी खर्च भुक्तानी दिने कार्यका लागि थप जनशक्ति आवश्यक पर्ने भएमा बढीमा सात दिनसम्मका लागि देहाय बमोजिम लेखापाल वा सह लेखापाल कर्मचारी काजमा ल्याउन सकिनेछ :

(क) पचास वटासम्म मतदान केन्द्र भएका जिल्लामा थप नगर्ने,

(ख) एकाउन्नदेखि एक सय वटासम्म मतदान केन्द्र भएका जिल्लाका लागि थप दुईजना,

(ग) एकसय एकदेखि दुई सय वटासम्म मतदान केन्द्र भएका जिल्लाका लागि थप तीनजना,

(घ) दुईसय एकदेखि तीन सय वटासम्म मतदान केन्द्र भएका जिल्लाका लागि थप चारजना,

(ङ) तीनसय एकदेखि पाँच सय वटासम्म मतदान केन्द्र भएका जिल्लाका लागि थप पाँचजना,

(च) पाँच सयदेखि माथि जतिसुकै मतदान केन्द्र भए तापनि थप छ (६) जना ।

(८) मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मतपत्र रुजु गर्ने, प्याकेजिङ्ग गर्ने, मतदान अधिकृतलाई मतपत्र बुझाउने कामको लागि थप जनशक्ति आवश्यक पर्ने भएमा बढीमा सात दिनसम्मको लागि देहाय बमोजिम कर्मचारी काजमा ल्याउन सकिनेछ :-

(क) पचास वटासम्म मतदानकेन्द्र भएका जिल्लामा थप नगर्ने,

(ख) एकाउन्नदेखि एक सय वटासम्म मतदान केन्द्र भएका जिल्लाका लागि थप दुईजना,

(ग) एकसय एकदेखि दुई सय वटासम्म मतदानकेन्द्र भएका जिल्लाका लागि थप तीनजना,

(घ) दुई सय एकदेखि तीन सय वटासम्म मतदान केन्द्र भएका जिल्लाका लागि थप चारजना,

(ङ) तीन सय एकदेखि पाँच सय वटासम्म मतदान केन्द्र भएका जिल्लाका लागि थप पाँच जना,

(च) पाँच सयदेखि माथि जतिसुकै मतदान केन्द्र भए तापनि थप छ (६)जना ।

(९) गाउँपालिका वा नगरपालिकामा मतगणना कार्यको लागि प्रति सिफ्ट (आठ घण्टाको एक सिफ्ट) को लागि र प्रति सिफ्ट कम्तीमा दुई हजार थान मतपत्र गणना गर्ने गरी देहाय बमोजिम जनशक्ति खटाउनु पर्नेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) | -एकजना |
| (ख) | मतगणना अधिकारी (रा.प.तृ. श्रेणी) | -एकजना |
| (ग) | सुपरिवेक्षक (ना.सु.)<br>(प्रशासनिक कागजात समेत तयार गर्ने ) | -एकजना |
| (घ) | गणक (ना.सु. वा खरिदारस्तर वा सो सरह) | -तीनजना |
| (ङ) | सहयोगी (कार्यालय सहयोगी/पाले वा सो सरह) | -एकजना |

(१०) गणना गर्नुपर्ने मतपत्र, उपलब्ध स्थान र सुरक्षा व्यवस्था समेतको आधारमा एकैपटक दुई वा सोभन्दा बढी मतगणना टोली परिचालन गर्न सकिनेछ ।

६. <u>सुरक्षाकर्मी सम्बन्धी व्यवस्था</u> **:** (१) निर्वाचन अधिकृतको कार्यालय र मतपत्र एवं मतपेटिका राखिएको ठाउँको सुरक्षाको लागि पाँचजना सुरक्षाकर्मी राख्न सकिनेछ ।

(२)मतदान कार्य सम्पन्न भएपछि मतदान अधिकृतले बुझाउन ल्याएका मतपत्र रहेका मतपेटिका राख्ने स्थान र मतगणनास्थलको सुरक्षाको लागि निर्वाचन अधिकृतको कार्यालयमा पन्ध्र जनासम्म सुरक्षाकर्मी राख्न सकिनेछ ।

७. <u>जगेडामा राख्न सकिने</u> **:** (१) आयोगले दफा ३ बमोजिम अद्यावधिक जनशक्तिमध्ये विशेष परिस्थितिमा परिचालन गर्ने गरी प्रत्येक जिल्लामा आवश्यक संख्यामा जनशक्ति जगेडामा राख्नु पर्नेछ ।

(२) निर्वाचनमा खटिएको कुनै कर्मचारी बिरामी भई वा काबु बाहिरको परिस्थिति परी निर्वाचनको काम गर्न असमर्थ भएमा वा कुनै कारणले निजलाई बदली गर्नु पर्ने भएमा मुख्य

निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम जगेडामा राखिएका कर्मचारीमध्येबाट कुनै कर्मचारी लाई निर्वाचन कार्यमा खटाउन सक्नेछ ।

(३) कुनै मतदान केन्द्रमा पुनः मतदान गराउनु पर्ने भएमा सामान्यतया जगेडामा राखिएका कर्मचारीलाई त्यस्तो मतदान कार्यमा खटाउनु पर्नेछ ।

८. जनशक्ति उपलब्ध गराउनु पर्ने : आयोग, कार्यालय वा निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन प्रयोजनको लागि आफूलाई आवश्यक पर्ने जनशक्ति माग गरेमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था, विश्वविद्यालय, सामुदायिक विद्यालयले आयोग, कार्यालय वा निर्वाचन अधिकृतको कार्यालयले माग गरे बमोजिमको जनशक्ति उपलब्ध गराउनु पर्नेछ ।

९. नियुक्तिपत्र दिने : (१) आयोगले स्थानीय तहको निर्वाचनमा खटाइएका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई प्रचलित कानून बमोजिम नियुक्तिपत्र दिनेछ ।

(२) निर्वाचन अधिकृतले निर्वाचन प्रयोजनको लागि विभिन्न कार्यालयबाट माग गरिएका कर्मचारीलाई मुख्य निर्वाचन अधिकृतसँग समन्वय गरी निर्वाचन अधिकृतको कार्यालयमा कामकाज गर्न खटाउनेछ ।

(३) मुख्य निर्वाचन अधिकृतले जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाका मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सहयोगी कर्मचारी खटाउँदा सम्बन्धित निर्वाचन अधिकृतसँग समन्वय गरी खटाउनु पर्नेछ ।

१०. जनशक्ति व्यवस्थापन समिति : (१) स्थानीय तह निर्वाचनको प्रयोजनको लागि जनशक्ति व्यवस्थापन गर्न आयोगमा एक जनशक्ति व्यवस्थापन समिति रहनेछ । जनशक्ति व्यवस्थापन सम्बन्धमा कुनै नीतिगत निर्णय गर्नु पर्ने भएमा त्यस्तो विषयमा आफ्नो राय सुझाव आयोगसमक्ष पेश गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रमुख निर्वाचन आयुक्त - अध्यक्ष

(ख) सचिव - सदस्य

(ग) सहसचिव, प्रशासन महाशाखा - सदस्य

(घ) उपसचिव, प्रशासन शाखा - सदस्य सचिव

(३) उपदफा (१) बमोजिमको जनशक्ति व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार समितिको अध्यक्षले तोकेको मिति र समयमा बस्नेछ ।

(४) जनशक्ति व्यवस्थापन समितिले बैठकमा आयोगका अन्य पदाधिकारी तथा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) जनशक्ति व्यवस्थापन समितिका अध्यक्ष, सदस्य एवं आमन्त्रित सदस्यहरूले आयोगको समान स्तरका अन्य समिति पाए सरहको निर्धारण गरे बमोजिमको बैठक भत्ता र सुविधा पाउनेछन् ।

११. <u>जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समिति</u> : (१) निर्वाचनका लागि जनशक्ति व्यवस्थापन सम्बन्धी कार्य गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको जनशक्ति व्यवस्थापन समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रमुख जिल्ला अधिकारी | - संयोजक |
| (ख) स्थानीय विकास अधिकारी | - सदस्य |
| (ग) जिल्ला शिक्षा अधिकारी | - सदस्य |
| (घ) जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु | - सदस्य |
| (ङ) जिल्ला निर्वाचन अधिकृत | - सदस्य-सचिव |

(२) जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति र समयमा बस्नेछ । बैठकमा मुख्य निर्वाचन अधिकृतलाई अनिवार्य रूपमा आमन्त्रण गर्नु पर्नेछ ।

(३) जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समितिको बैठकमा बढीमा तीन जना व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ ।

(४) जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समितिको बैठक बस्दा समितिका संयोजक, सदस्य एवं आमन्त्रित सदस्यलाई कार्यालयले नियम अनुसारको बैठक भत्ता तथा सुविधा उपलब्ध गराउनेछ ।

१२. <u>जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समितिको काम:</u> जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समिति काम देहाय बमोजिम हुनेछ :-

(क) दफा ३ बमोजिमको जनशक्तिको विवरण तयार गरी अद्यावधिक गर्ने वा गराउने,

(ख) जिल्लाभित्रका मतदान केन्द्रमा जनशक्ति खटाउने प्रयोजनका लागि कार्यालयले तयार गरेको जनशक्तिको विवरण स्वीकृत गरी कार्यालय मार्फत मुख्य निर्वाचन अधिकृतलाई उपलब्ध गराउने,

(ग) अत्यावश्यक सेवा वा विशेष परिस्थितिमा कर्मचारी खटाउनको लागि आवश्यक संख्यामा कर्मचारी जगेडामा राख्ने,

(घ) जगेडामा रहेका कर्मचारीलाई जुनसुकै अवस्थामा निर्वाचनमा खटाउन सकिने गरी तयारी अवस्थामा राख्ने वा राख्न लगाउने ,

(ङ) जनशक्ति व्यवस्थापन सम्बन्धमा कुनै नीतिगत निर्णय गर्नु पर्ने भएमा राय सुझाव सहित दफा १० बमोजिमको जनशक्ति व्यवस्थापन समिति समक्ष लेखी पठाउने ।

१३. <u>घुम्ती टोली परिचालन गर्न सकिने</u> : स्थानीय तह निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र भयमुक्त बनाउन मुख्य निर्वाचन अधिकृतले जिल्लास्थित सरकारी कार्यालयका अधिकृत कर्मचारीको नेतृत्वमा बढीमा तीन वटासम्म घुम्ती टोली बनाई परिचालन गर्न सक्नेछ । त्यस्तो घुम्ती टोलीमा खटिएका कर्मचारीलाई मुख्य निर्वाचन अधिकृतको कार्यालयले आयोगबाट स्वीकृत आर्थिक निर्देशिकामा उल्लेख भए बमोजिम भत्ता तथा सुविधा प्रदान गर्नेछ ।

१४. कारबाही गर्न सकिने : निर्वाचन सम्बन्धी तोकिएको जिम्मेबारी पूरा नगर्ने, निर्वाचन आचार संहिता उल्लङ्घन गर्ने वा निर्वाचनको स्वच्छता, निष्पक्षता, पारदर्शीता एवं विश्वसनीयतामा प्रतिकूल आँच पुऱ्याउने किसिमको कुनै कार्य गर्ने कर्मचारीलाई आयोगले प्रचलित कानुन बमोजिम विभागीय कारबाही गर्न सक्नेछ ।

१५. काज फिर्ता गर्नुपर्ने : (१) निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन अधिकृत र दफा ५ को उपदफा (१) र (३) मा उल्लिखित कर्मचारी गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको लागि महिला र दलित वा अल्पसंख्यक सदस्यको निर्वाचन सम्पन्न भएको मितिले बढीमा पन्ध्र दिनसम्म काजमा रहनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन अधिकृत, सहायक कर्मचारी एकजना, लेखा राख्ने कर्मचारी एकजना, सवारी चालक वा सयस, कार्यालय सहयोगी एकजना र सुरक्षा गार्ड बाहेक अन्य कर्मचारी त्यस्तो निर्वाचन सम्पन्न भएको पाँच दिनसम्म मात्र काजमा रहनेछन् ।

(३) मतदान कार्यमा खटिएका कर्मचारीलाई मतदान कार्य सम्पन्न भई मतपेटिका निर्वाचन कार्यालयमा बुझाए पछि काज फिर्ता गरिदिनु पर्नेछ ।

१६. प्रतिवेदन दिनुपर्ने : कार्यालयले जनशक्ति व्यवस्थापन सम्बन्धमा भए गरेका काम कारबाहीको प्रतिवेदन आयोगले मागेका बखत आयोगमा पठाउनु पर्नेछ र त्यसको अन्तिम प्रतिवेदन निर्वाचन सम्पन्न भएको पन्ध्र दिनभित्र आयोगमा पठाउनु पर्नेछ ।

१७. आदेश वा निर्देशन जारी गर्न सक्ने : यो निर्देशिका कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा आयोगले आवश्यक आदेश वा निर्देशन जारी गर्न सक्नेछ ।

१८. खारेजी र बचाउः (१) आयोगको मिति २०७३। ११। १९ को निर्णय बमोजिम जारी भएको "स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७३" खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएको "स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७३" निर्देशिका बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

निर्वाचनमा खटाउन सकिने कर्मचारीको विवरण:

| सि.नं. | कर्मचारीको नाम,थर | पद | लिङ्ग | कार्यरत कार्यालय | स्थायी ठेगाना | उमेर | यस अघिका निर्वाचनमा खटिए वा नखटिएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची २

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

निर्वाचनमा खटाउन नसकिने कर्मचारीको विवरणः

| सि.नं. | कर्मचारीको नाम,थर | पद | लिङ्ग | कार्यरत कार्यालय | स्थायी ठेगाना | उमेर | निर्वाचनमा खटाउन नसकिने कारण (आसोच बारेको, बढी उमेर, अशक्त, बिरामी, प्रसूति आदि) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |